Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४३ | वि.सं. २०८३ जेठ १२ मंगलवार | नेपाल संवत्: ११४५, ज्येष्ठ शुक्ल दशमी | Tuesday 26 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## भूमिगत पानी संरक्षण गर्न एकीकृत जलाधार गुरुयोजना लागु

**चुरे तथा महाभारत पर्वत शृङ्खलाबीच अवस्थित सुर्खेत उपत्यका पछिल्ला वर्षहरूमा तीव्र सहरीकरणको चापमा पर्नुका साथै अनियन्त्रित संरचना निर्माण, बढ्दो सहरिकरण, वन विनाश तथा प्राकृतिक खोलानालाको उचित व्यवस्थापन नहुनु लगायतका कारण उपत्यकामा पानीको उपलब्धता घट्दो छ । गुरुयोजनाले वीरेन्द्रनगरको उत्तरी जलाधार क्षेत्र संरक्षण, भूगर्भीय जल पुनर्भरण, प्राकृतिक प्रकोप रोकथाम तथा समुदायमा आधारित जल व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।**

**ओम शाही**
**सुर्खेत, ११ जेठ ।**

कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगर नगरपालिकाको उपत्यका क्षेत्रमा भूमिगत पानीको संरक्षण, जल र वायुजन्य प्रकोपको जोखिम न्यूनिकरण गर्न एकिृत जलाधार व्यवस्थापन गुरुयोजना कार्यान्वयनमा ल्याएको छ। बार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएको यो योजना चालु आर्थिक वर्ष २०८२/०८३ बाट कार्यान्वयनमा आएको हो।

पछिल्लो समय कर्णाली प्रदेशको राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगर उपत्यकामा बढ्दो सहरीकरण, भू-उपयोग परिवर्तन तथा जलवायु परिवर्तनका कारण पानीको स्रोत सुक्दै जानुका साथै बाढी तथा भू-जोखिमको समस्या जटिल बन्दै गएपछि प्रदेश सरकारले दीर्घकालीन पानी सुरक्षा सुनिश्चितता र जलाधार व्यवस्थापन तथा जलवायू परिवर्तनको असर न्यूनिकरण गर्न एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालनार्थ गुरुयोजना तयार गरि कार्यान्वयनमा ल्याएको हो।

भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतले गत आर्थिक वर्ष २०८१/०८२ मा गुरुयोजना तयार गरेर स्वीकृतिका लागि प्रदेश वन निर्देशनालयमा पठाएको थियो। निर्देशनालयको स्वीकृतीपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पाँच करोड बजेट विनियोजन गरी गुरुयोजना कार्यान्वयनमा ल्याएको हो।

भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख शिखर चपाईले चालु आर्थिक वर्षको असार मसान्तसम्म सञ्चालन हुने कार्यक्रमले वीरेन्द्रनगर उपत्यकाको उत्तरी जलाधार क्षेत्र संरक्षण, भूगर्भीय जल पुनर्भरण, प्राकृतिक प्रकोप रोकथाम तथा समुदायमा आधारित जल व्यवस्थापनलाई प्राथमिकतामा राखिएको बताए।

'चुरे तथा महाभारत पर्वत शृ‍ लाबीच अवस्थित सुर्खेत उपत्यका पछिल्ला वर्षहरूमा तीव्र सहरीकरणको चापमा परेको छ,' कार्यालय प्रमुख चपाई भन्छन्, 'अनियन्त्रित संरचना निर्माण, बढ्दो सहरिकरण, वन विनाश तथा प्राकृतिक खोलानालाको उचित व्यवस्थापन नहुनु लगायतका कारण उपत्यकामा पानीको उपलब्धता घट्दै गएको देखिएपछि गुरुयोजना बनाएर अघि बढेका हौं।' विशेषगरी गर्मीयाममा खानेपानीको समस्या बढ्दै जानुका साथै आकस्मिक बाढी, भूक्षय र डुबानको जोखिम समेत बढिरहेको उनले बताए।

यस अवस्थालाई मध्यनजर गर्दै प्रदेश सरकारले वैज्ञानिक अध्ययनमा आधारित दीर्घकालीन जलाधार व्यवस्थापन रणनीति अघि बढाएको कार्यालय प्रमुख चपाईले बताए। उनी भन्छन्, 'उत्तरी जलाधार क्षेत्रको संरक्षण, भूगर्भीय जल पुनर्भरण संरचना निर्माण, जैविक इन्जिनियरिङ विधिबाट पहिरो नियन्त्रण तथा प्राकृतिक मुहान संरक्षणका कार्यक्रम समावेश गरिएको छ। साथै, सामुदायिक सहभागितामा आधारित संरक्षण प्रणालीलाई पनि प्राथमिकतामा राखिएको छ।'

उनका अनुसार अध्ययनका क्रममा उपत्यकाका विभिन्न स्थानमा भूगर्भीय जलको अवस्था, मुहानहरूको वितरण तथा पुनर्भरण क्षेत्रको विस्तृत विश्लेषण गरिएको थियो। उक्त अध्ययनले उपत्यकाको उत्तरी क्षेत्र भूगर्भीय जल पुनर्भरणका लागि अत्यन्त महत्वपूर्ण रहेको निष्कर्ष निकालेको थियो।

गुरुयोजना कार्यान्वयन अन्तर्गत स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समिति तथा विभिन्न सरोकारवाला निकायहरूको सहभागितामा संरक्षणका गतिविधि सञ्चालन गरिने जनाइएको छ। त्यस्तै, जलाधार संरक्षणका लागि वृक्षारोपण, बाँस तथा स्थानीय प्रजातिका बिरुवा रोपण, प्राकृतिक खोल्सा संरक्षण तथा वर्षाको पानी संकलनलाई प्रवर्द्धन गरिने कार्यालयले जनाएको छ।

त्यस्तै, जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण गर्न जैविक इन्जिनियरिङ प्रविधि, ढल तथा पानी निकास व्यवस्थापन, पहिरो नियन्त्रण र भू-क्षय न्यूनीकरणका कार्यहरूलाई समेत प्राथमिकतामा राखिएको छ। स्थानीय समुदायको जीविकोपार्जन सुधारका लागि हरित उद्यम तथा वातावरणमैत्री कृषि अभ्यासलाई प्रोत्साहन गरिने कार्यक्रमहरु गुरुयोजनामा समावेश छन्।

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समेत सुदृढ बनाइने जनाइएको छ। भौगोलिक सूचना प्रणाली, रिमोट सेन्सिङ तथा सामुदायिक सहभागितामा आधारित अनुगमन प्रणालीमार्फत कार्यक्रमको प्रगति मूल्याङ्कन गरिने कार्यालयको दावी छ। भू तथा जलाधार व्यवस्थापन कार्यालयका अनुसार उक्त कार्यक्रमले दीर्घकालीन रूपमा सुर्खेत उपत्यकामा पानीको उपलब्धता वृद्धि गर्नुका साथै वातावरणीय संरक्षण र भू-जोखिम न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।



### बाढीको उच्च जोखिम रहेका खोलामा चेक ड्याम

चालु आर्थिक वर्षमा गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम वीरेन्द्रनगर उपत्यकाका पानीका मूख्य श्रोत रहेका तथा वर्षा याममा पानीको उच्च वहाव भई बाढीको जोखिम निम्ल्याउने मूख्य खोलाहरुमा चेक ड्याम निर्माण गरिने छ।

जसमा नेवारेखोला, ईत्रामखोला, आपखोली खोला र खोर्केखोलामा बहुउद्देशीय चेक ड्याम तथा तटबन्धन निर्माण गरिने छ। यस्ता प्रकृतिका चेक ड्याम तथा तटबन्धनले खोला किनारामा कटान नियन्त्रण, बाढी जोखिम न्यूनिकरण, बस्ती संरक्षण, पानीको गति नियन्त्रण गर्न सघाउने गर्छन। त्यस्तै, वर्षा याममा खोलामा बगिआएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा वालुवा) संकलन गरी राजश्व तथा आम्दानीको श्रोतको रुपमा दिगो व्यवस्थापन गर्न पनि यी चेक ड्यामहरु उपयोगी हुनेगर्छन।

माथिल्लो तटीय क्षेत्रमा पहिरो, भू-क्षय, पानीको मुहान संरक्षण तथा पानी पुनर्भरणका साथै गुरुयोजनाले निर्दिष्ट

बाँकी ४ पेजमा

## तीन सय ३८ स्थानीय तहबाट भू-उपयोग वर्गीकरण

**युग संवाददाता**
**काठमाडौँ, ११ जेठ ।**

देशभर तीन सय ३८ स्थानीय तहले भू-उपयोग वर्गीकरण गरेका छन्। भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले गत चैत मसान्तसम्म ती स्थानीय तहले वर्गीकरण सम्पन्न गरेका हुन्। ती स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत सकेका हुन्।

देशभरका एक सय ६९ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण सङ्कलन तथा नक्सा अद्यावधिक गरेको जनाइएको छ। विभिन्न कारणले ४७ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका थिएनन्।

त्यसैगरी १५ स्थानीय तहले कृषि क्षेत्रको मापदण्ड तयार गरी विवरण तयार गरेको जनाइएको छ। भू-उपयोग वर्गीकरणको आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेका १३४ स्थानीय तह छन्। आधार तथा मापदण्ड तयार गर्दै गरेका ५० स्थानीय तह छन्।

भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको जानकारी दिए।

कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ। स्थानीय तहलाई भू-उपयोग वर्गीकरणका लागि यही असार मसान्तसम्म समय अवधि तोकिएको छ।

## अत्याधिक गर्मी बढेपछि पठनपाठन प्रभावित

**युग संवाददाता**
**कञ्चनपुर, ११ जेठ ।**

अत्याधिक गर्मी बढ्न थालेपछि यहाँका स्थानीय पालिहरूले विद्यालयमा बिदा दिन थालेका छन्। विद्यार्थीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै केही स्थानीय पालिकाले गर्मी बिदाबाट कट्टा हुनेगरी विद्यालयमा बिदा दिने गर्ने निर्णय गरेका हुन्।

भीमदत्त नगरपालिकाले जेठ ११ गतेदेखि १३ गतेसम्म नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयमा बिदा दिएको छ। नगरपालिकाको शिक्षा शाखा प्रमुख हरिदत्त जोशीका अनुसार अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा असर पर्नसक्ने भएकाले बिदा दिने निर्णय गरिएको छ। उनका अनुसार उक्त बिदा गर्मी बिदाबाट कट्टा हुनेछ।

त्यसैगरी कृष्णपुर नगरपालिकाले पनि आजदेखि लागू हुने गरी तीन दिनका लागि नगरपालिका क्षेत्रका सबै विद्यालयमा बिदा दिएको छ। नगर प्रमुख हेमराज ओझाले अत्यधिक गर्मीका कारण विद्यालयमा पठनपाठन प्रभावित हुन थालेपछि विद्यार्थीको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर बिदा दिइएको बताए।

त्यस्तै शुक्लाफाँटा नगरपालिकाले पनि गर्मीको अवस्थालाई मध्यनजर गरी छलफल गरेर बिदा दिने विषयमा निर्णय गरिने जनाएको छ। नगरपालिका शिक्षा शाखा प्रमुख टिकेन्द्रराज भट्ट ले मौसमको अवस्थालाई निरन्तर निगरानीमा राखिएको बताए।

**अनलाइनमार्फत कृषि तथा पशुपन्छी बीमा गर्न सकिने सम्बन्धि सूचना**

- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल बीमा प्राधिकरणको सहकार्यमा निर्माण गरिएको कृषि पशुपन्छी तथा जडिबुटीको बीमा सम्बन्धी अनलाइन पोर्टल (alis.nia.gov.np) मार्फत कृषि पशुपन्छी तथा जडिबुटीको बीमाका लागि आवेदन गर्न सकिनेछ।
- अनलाइन पोर्टल (alis.nia.gov.np) मा किसानले आफ्नो लगइन युजर बनाइ कृषि, पशुपन्छी तथा जडिबुटी व्यवसायको बीमा प्रस्ताव गर्न, बीमकलाई कागजात, फोटो तथा भिडियो उपलब्ध गराउन एवम् बीमालेख स्वीकृतिको जानकारी लिन, बीमालेख नविकरण लगायतका बीमा सम्बन्धी सम्पूर्ण सेवा लिन सकिनेछ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810

● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# बेरुजु नियन्त्रणमा जिम्मेवार बन !

कर्णाली प्रदेश सरकार र मातहतका निकायमा अझै पनि बेरुजुको ग्राफ घट्नुको साटो बढ्दै गएको छ। महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आठौं बार्षिक प्रतिवेदन अनुसार कर्णाली प्रदेश सरकार र मातहतका निकायले वित्त व्यवस्थापनको पाटोलाई चुस्त बनाउन सकेका छैनन्। प्रदेश सरकार स्थापना भएयताका तथ्यांक केलाउने हो भने वर्षेनी बेरुजुको ग्राफ उकालो लाग्दै गएको देखिन्छ। सार्वजनिक विवरण अनुसार आर्थिक वर्ष २०८१/०८२ सम्म आईपुग्दा कर्णालीको कुल बेरुजु चार अर्ब रुपैयाँ नाघेको छ। गत वर्ष मात्रै कर्णालीमा ७७ करोड अर्थात २.०८ प्रतिशतले बेरुजु थप भएको छ। यो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा दोब्बरले बढी हो। महालेखाको प्रतिवेदन अनुसार सबैभन्दा धेरै बेरुजु भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको छ। आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा यस मन्त्रालयको बेरुजु ३९ करोड २७ लाख ७० हजार रुपैयाँ छ। यो कुल बेरुजुको ५०.७७ प्रतिशत हो। प्रदेशको भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी पाएको विकासी मन्त्रालयमा बेरुजुको यति ठुलो ग्राफले मन्त्रालयको पारदर्शितामाथि नै प्रश्न उठाइरहेको छ। वार्षिक बजेट धेरै हुने भौतिक मन्त्रालयको बजेट कार्यान्वयन गर्ने क्षमतासमेत सन्तोषजनक छैन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ (त) र प्रदेशको यस सम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ। बेरुजु देखा पर्नुलाई आर्थिक रुपमा अनियमितता भइहाल्यो भन्न त मिल्दैन। तर, भुलवश हुने बाहेक अन्य जुनसुकै कारोवार चाहे ति आर्थिक हुन् वा कागजी प्रक्रिया नपुऱ्याई भएका हरहिसावलाई भने सामान्यरुपमा लिन मिल्दैन। वर्षेनी उकालो लाग्दै गएको बेरुजुको ग्राफ घटाउन सरकारको नेतृत्वमा रहेकाहरु चुक्दै आएको देखिन्छ। प्रदेशका निकायको वार्षिक लेखापरीक्षण गरेर महालेखापरीक्षकको कार्यालयले सुधारसहितका सुझाव दिदै आएको छ। महालेखाले दिएका सुझावलाई सरकारले अक्षरस कार्यान्वयनमा ल्याउने हो भने बेरुजुको ग्राफ सून्यमा झार्न असम्भव छैन। महालेखाले मात्र होइन प्रदेश सरकार र यसका निकायको सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त बनाउन प्रदेशसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले पनि सुझाव र निर्देशन दिने गरेको छ।

तर, महालेखा र समितिका सुझाव र निर्देशन पालना गर्न र गराउनमा भने प्रदेश सरकार असफल हुँदै आएको छ। यो सार्वजनिक वित्त व्यवस्थापनको पाटोबाट हेर्दा अख्तियारको चरमा दुरुपयोग गरेका ठहरिन्छ। शक्तिको आडमा राज्यस्रोतलाई आफुखुशी चलाउन खोज्नु नै भ्रष्टाचार हो। अन्य प्रदेशको तुलनामा बेरुजुको ग्राफ उच्च हुनुले कर्णालीमा भ्रष्टाचार र अनियमितताले जडो गाडेको पुष्टि गर्छ। कर्णाली आफैमा आन्तरिक स्रोत कमजोर भएको प्रदेश हो। कर्णालीमा राजनीतिक र प्रशासनिक संघीयता फस्टाएपनि वित्तिय संघीयता अझै सबल बन्न सकेको छैन। संघीय सरकारको अनुदानमा भरपर्नुपर्ने अवस्था भएको प्रदशमा वित्तिय अनुशासन कायम हुन नसक्नु आफैमा बिडम्बनाको विषय हो। जबसम्म जनताले तिरेको करको सहि सदुपयोग हुनसक्दैन तबसम्म सुशासनको अनुभुती नागरिकले कदापी गर्न पाउदैनन्। यसर्थ, प्रदेश सरकारले आफ्ना निकायको हरहिसाव दुरुस्त राख्न कडा कदम चाल्न आवश्यक छ। सरकारको नेतृत्वमा रहेकाहरुले प्रशासनिक संयत्रलाई कामका आधारमा पुरस्कार र दण्डको कडा नीति नलिएसम्म कर्मचारीतन्त्रले राजनीतिक नेतृत्वलाई टर्नेवाला छैन। कर्मचारीतन्त्र नसुध्रेसम्म कर्णालीमा अख्तियारको दुरुपयोग रोकिनेवाला छैन।

## विश्व

# इरानसँग धेरै विषयमा सहमति भइसक्यो : ट्रम्प



**न्युयोर्क, ११ जेठ ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान युद्ध अन्त्य गर्नेबारेमा धेरै महत्वपूर्ण विषय टुंगिएको बताएका छन्। ट्रम्पले सामाजिक सञ्जाल एक्समा अमेरिका, इरान र क्षेत्रीय शक्तिहरूबिच 'धेरै हदसम्म वार्ता भएको र अन्तिम रूप चाँडै दिइने' बताएका छन्। हर्मुज जलमार्ग पुनः खोल्ने सम्झौता छिट्टै घोषणा गरिने उनले बताए। उनले यस विषयमा आधिकारिक हस्ताक्षर गर्न र औपचारिक घोषणा गर्न मात्र बाँकी रहेको बताए।

त्यस्तै, भारत भ्रमण रहेका अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि इरान वार्तामा 'महत्वपूर्ण प्रगति' भएको तर अझै 'काम गर्न बाँकी' रहेको बताए। इरानलाई आणविक हतियार निर्माण गर्नबाट रोक्नु अमेरिकाको मुख्य लक्ष्य रहेको उनले बताए। पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले अमेरिका र इरानबिचको अर्को चरणको वार्ता 'धेरै चाँडै' हुने बताएका छन्। पाकिस्तानले शनिबार तेहरानमा इरानी नेताहरूसँग 'परिणाममुखी वार्ता'पछि यो कुरा आएको हो। वासिङटन डिसीमा रहेको अलजजिराको टोलीका अनुसार अमेरिकी राष्ट्रपतिले अझै पनि सैन्य आक्रमण गर्ने सम्भावना भएकाले इरानसँग नयाँ युद्धको खतरा अझै नटरेको बताए।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सर्वोच्च नेता मोज्ताबा खोमेनेईको अनुमति नलिई कुनै पनि सहमति नहुने बताएका छन्। उनले आफ्नो देश आणविक हतियार खोजिरहेको छैन भनेर 'विश्वलाई आश्वस्त पार्न तयार' रहेको बताएका छन्। इस्लामिक रिपब्लिक न्युज एजेन्सी (आइआरएनए)ले टेलिग्राममा एक पोस्टमा राष्ट्रपतिलाई उद्धृत गर्दै भनेको छ- 'इरानका दिवंगत नेता आयतोल्लाह खामेनीको सहादत हुनुभन्दा पहिले हामीले घोषणा गरेका थियौँ र हामी अहिले पनि दोहोऱ्याउँछौँ कि हामी आणविक हतियार खोज्दैनौँ भन्ने कुरा विश्वलाई आश्वस्त पार्न तयार छौँ।' शनिबार, इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बागाईले सरकारी टेलिभिजनलाई बताएअनुसार गत साता अमेरिका र इरानी अडान सहमतिनजिक पुगेका थिए।

# 'जलाशययुक्त आयोजना सरकारको उच्च प्राथमिकता'

**युग संवाददाता**
**काठमाडौँ, ११ जेठ ।**
ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलाशययुक्त आयोजना सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन्। कुलेखानी जलविद्युत् आयोजनाको अवलोकनपछि उनले नेपालको दीर्घकालीन ऊर्जा सुरक्षा, औद्योगिक विकास र समग्र आर्थिक रूपान्तरणका लागि अब जलाशययुक्त आयोजनालाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने बताएका हुन।

मन्त्री श्रेष्ठले आगामी दिनमा सरकारको मुख्य ध्यान जलाशययुक्त आयोजनाको विकासमा केन्द्रित हुने स्पष्ट पारे। उनले यस्ता आयोजना विद्युत् उत्पादनका लागि मात्र नभई पानी व्यवस्थापन, बाढी नियन्त्रण, सिँचाइ विस्तार र पर्यटन प्रवर्द्धनका लागि समेत मेरुदण्ड बन्ने उल्लेख गरे।

कुलेखानीका तीनवटै जलविद्युत् केन्द्रका कर्मचारीसँगको छलफलमा मन्त्री श्रेष्ठले जलवायु परिवर्तनका कारण बढ्दो प्राकृतिक जोखिम र अनियमित वर्षालाई मध्यनजर गर्दै भविष्यका लागि पानी भण्डारण गर्ने संरचनाको महत्व अझ बढेको उल्लेख गरे। "जलवायु परिवर्तनले हिमनदी पग्लिने र वर्षाको स्वरूप बदलिने जोखिम बढाएको छ, यस्तो अवस्थामा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाको विकल्प छैन", मन्त्री श्रेष्ठले भने।

मन्त्री श्रेष्ठले औद्योगिक क्षेत्र, डाटा सेन्टर र सूचना प्रविधि उद्योगका लागि दिगो ऊर्जा आपूर्ति सुनिश्चित गर्न जलाशययुक्त आयोजनाबाट 'पिक आवर' (उच्च मागको समय)मा बढी विद्युत् उत्पादन गर्न सकिने उल्लेख गरे। उनले नेपाल विद्युत् प्राधिकरणलाई जलाशययुक्त आयोजनाको एकीकृत विकास मोडल तयार गर्न निर्देशन दिँदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्नेमा जोड दिए। सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न यस्ता आयोजनाको लाइसेन्स अवधि ५० वर्ष कायम गरिसकेको जानकारी दिँदै उहाँले लगानीकर्तालाई यस क्षेत्रमा लगानी बढाउन आग्रह गरे।

कुलेखानीलाई नेपालको 'रोल मोडल' परियोजनाका रूपमा व्याख्या गर्दै मन्त्री श्रेष्ठले स्थानीयस्तरबाट उठेका सामाजिक विषय र गुनासोलाई तत्काल सम्बोधन गर्न निर्देशन दिए। उनले जलाशय वरपर बढ्दो पर्यटकीय गतिविधिसँगै फोहर व्यवस्थापन चुनौतीपूर्ण बनेको भन्दै इन्द्रसरोवर क्षेत्रको वातावरण जोगाउन स्थानीय तह र व्यवसायीसँग समन्वय गर्न आग्रह गरे।

मन्त्री श्रेष्ठले आइतबार आयोजना अवलोकन गरेपछि आयोजना क्षेत्रभित्रको जग्गा सीमाङ्कन गर्न, बाढीपहिरोबाट जलाशयमा आउने ढुङ्गा-माटो व्यवस्थापन गर्न र पुराना उपकरणको मर्मत तथा प्रतिस्थापनका विषयलाई चाडो सक्न निर्देशन समेत दिएका थिए। सन् १९८२ मा निर्माण सम्पन्न भएको कुलेखानी आयोजना नेपालकै पहिलो जलाशययुक्त जलविद्युत् आयोजना हो। यसको कूल जडित क्षमता १०६ मेगावाट रहेको छ कुलेखानी-१ (६० मेगावाट) कुलेखानी-२ (३२ मेगावाट) र कुलेखानी-३ (१४ मेगावाट) रहेको छ।

## बाढीको...

गरेका उद्देश्य पुरा गर्न वीरेन्द्रनगर उपत्यकाको उत्तरी क्षेत्रबाट निस्किएका मुख्य खोलाहरुमा निर्माण गरिने चेक ड्याम तथा तटबन्धनले सघाउ पुऱ्याउने जनाइएको छ। कार्यालय प्रमुख चपाईका अनुसार वीरेन्द्रनगरको उत्तरी जलाधार गुरुयोजना कार्यान्वयन अन्तर्गत इत्रामखोलामा चेक ड्याम निर्माण सम्पन्न भइसकेको छ भने, अन्य खोलाहरुमा चालु आर्थिक वर्षको असार मसान्तभित्र निर्माण सम्पन्न हुनेछन्। उनका अनुसार वीरेन्द्रनगर उपत्यको भूमिगत पानीका स्रोत जोगाउन गुरुयोजना अन्तर्गत बुलबुले तालमा पनि जल संरक्षणका कार्य जारी छन्। गुरुयोजना मुताविक आगामी वर्षमा पनि संरक्षणका विभिन्न योजनाहरु क्रमश कार्यान्वयन गरिदै लगिने जनाइएको छ।


## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१२)

यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतको मुख्य कार्यालय तथा सेवाकेन्द्र कार्यालयहरुबाट विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि ऋण उपयोग गरेका तपसिलमा उल्लिखित ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, ब्याज र हर्जाना समेतको बाँकी बक्यौता रकम तोकिएको म्यादमा नतिरी नबुझाई बाँकी बक्यौता देखिन आएकोले र यस अघि नै उल्लिखित ऋणी सदस्यहरुलाई मौखिक, लिखित तथा एस.एम.एस.का माध्यमबाट ऋण चुक्ता भुक्तानी गर्नको लागि पटक/पटक अनुरोध गर्दा समेत ऋणको साँवा, ब्याज र हर्जाना बापतको रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै पनि किसिमको तत्परता नदेखाई संस्थासँग भए गरेका शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले उल्लेखित ऋणीहरुको नाउंमा बक्यौता ऋण चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थाको मुख्य कार्यालय वा सम्बन्धित सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राखी सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जाना बापतको बाँकी बक्यौता रकम चुक्ता गर्नुहुन सूचित गरिन्छ। उल्लेखित समयावधि भित्र सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जाना बापतको रकम चुक्ता नगरेमा तपाई ऋणीले ऋण लिदाँ उपलब्ध गराएको धितो लिलाम गर्ने, ऋणी तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायत ऋण असुल उपर गरी लिनको लागि सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा ८१ तथा अन्य प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरिने र उक्त प्रक्रियाबाट असुल उपर नभए ऋणीको एकाघर परिवार र ऋणीलाई ब्यक्तिगत जमानी दिने जमानिकर्ताको नेपालभर रहेको चल-अचल सम्पत्तिबाट सहकारी ऐन, २०७४ को दफा ८४ बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र ऋण भुक्तानी गर्न गराउनुहुन सम्बन्धित ऋणीलाई यसै सार्वजनिक सुचना मार्फत सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको नाम | जमानी बस्नेको नाम ठेगाना |
|---|---|
| **१. ऋणीः नन्दलाल दमाई**<br>बुवा : भाने दमाई<br>बाजे : तिते दमाई<br>ठेगाना : विद्यापुर-०६, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी-०८, सुर्खेत।<br>ना.प्र.नं. : २३/९६१, सुर्खेत।<br>जारी मितिः २०४३/०९/२६ | **१. जमानी दिनेको नामः लाल बहादुर नेपाली**<br>बुवा : नन्दलाल दमाई<br>बाजे : भाने दमाई<br>ठेगाना : विद्यापुर-०६, सुर्खेत।<br>हाल ठेगाना :पञ्चपुरी ०८, सुर्खेत।<br>**२. जमानी दिनेको नामः होम बहादुर नेपाली**<br>बुवा : नन्दलाल दमाई<br>बाजे : भाने दमाई<br>ठेगाना : विद्यापुर-०६, सुर्खेत।<br>हाल ठेगाना :पञ्चपुरी-०८, सुर्खेत। |
| **२. ऋणीः लोकेन्द्र खड्का**<br>बाबु : सर्पे खड्का<br>बाजे :पदम सिंह खड्का<br>ठेगाना : छिउडीपुसाकोट ५, दैलेख।<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत।<br>ना.प्र.नं. : ६३२०४३/४२१ दैलेख।<br>जारी मितिः २०६९/०२/२५ | **१. जमानी दिनेको नामः मनिसा खान ठकुरी**<br>बुवा : सुरत बहादुर खान ठकुरी<br>बाजे : टेक बहादुर खान ठकुरी<br>ठेगाना : रतु ८, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत।<br>**२. जमानी दिनेको नामः कमल खड्का**<br>बाबु : सर्पे खड्का<br>बाजे : पदम सिंह खड्का<br>ठेगानाः दुल्लु ०६, दैलेख।<br>हाल ठेगाना :वीरेन्द्रनगर ०३, सुर्खेत।<br>**३. जमानी दिनेको नामः रुवेन सिं बस्याल**<br>बाबु : चन्द्र बहादुर बस्याल<br>बाजेः हस्त बहादुर बस्याल<br>ठेगानाः उत्तरगंगा ०८ सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३ सुर्खेत। |
| **३. ऋणी : रुवेन सिंह बस्याल**<br>बावु : चन्द्र बहादुर बस्याल<br>बाजे : हस्त बहादुर बस्याल<br>ठेगाना : उत्तरगंगा ०८, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत।<br>ना.प्र.नं. : ६४१०१८/८८५९७, सर्खेत।<br>जारी मितिः २०६५/०९/२७ | **१. जमानी दिनेको नामः मनिषा रम्तेल**<br>पति : रुवेन सिंह बस्याल<br>ससुरा :चन्द्र बहादुर बस्याल<br>ठेगाना : वीरेन्द्रनगर ०६, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत।<br>**२. जमानी दिनेको नामः लोकेन्द्र खड्का**<br>बाबु : सर्पे खड्का<br>बाजे :पदम सिंह खड्का<br>ठेगाना : छिउडीपुसाकोट ०५, दैलेख।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत।<br>**३. जमानी दिनेको नामः याम कुमारी तोलाङ्गी**<br>पति : जंग बहादुर तोलाङ्गी<br>ससुरा : रुप सिंह<br>ठेगाना : वीरेन्द्रनगर ०४, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०४, सुर्खेत। |
| **४. ऋणीः योगेश सापकोटा**<br>बाबु : बुध्दी प्रसाद सापकोटा<br>बाजे : कृष्ण प्रसाद सापकोटा<br>ठेगाना : विद्यापुर ७, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत।<br>ना.प्र.नं. :६४–०१–७१–०१८५६, सुर्खेत।<br>जारी मितिः २०७१/०४/०८ | **१. जमानी दिनेको नामः गौरी कुमारी देवकोटा**<br>बाबु : रंग प्रसाद देवकोटा<br>बाजे : धर्म प्रसाद देवकोटा<br>ठेगाना : बाबियाचौर ०४, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत।<br>**२. जमानी दिनेको नामः बुध्दी प्रसाद सापकोटा**<br>बाबु : कृष्ण प्रसाद सापकोटा<br>बाजे : छविलाल सापकोटा<br>ठेगाना : विद्यापुर ०७, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत।<br>**३. जमानी दिनेको नामः कमल सापकोटा**<br>बाबु : बुध्दी प्रसाद सापकोटा<br>बाजे : कृष्ण प्रसाद सापकोटा<br>ठेगाना : पञ्चपुरी ०८, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत।<br>**४. जमानी दिनेको नामः लक्ष्मी प्रसाद सापकोटा**<br>बाबु : कृष्ण प्रसाद सापकोटा<br>बाजे : छविलाल सापकोटा<br>ठेगाना : विद्यापुर ०७, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत।<br>**५. जमानी दिनेको नामः चन्द्रा देवी सापकोटा**<br>पति : बुध्दी प्रसाद सापकोटा<br>ससुरा : कृष्ण प्रसाद सापकोटा<br>ठेगाना : विद्यापुर ०७, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०८, सुर्खेत। |
| **५. ऋणीः मेनुका रावत**<br>पतिः इन्द्र बहादुर रावत<br>ससुराः काली बहादुर रावत<br>ठेगाना : सेजवाल टाकुरा २, सल्यान।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत।<br>ना.प्र.नः ९२९ दाङ<br>जारी मितिः २०६२/०२/१६ | **१. जमानी दिनेको नामः इन्द्र बहादुर रावत**<br>बाबुः काली बहादुर रावत<br>बाजेः महलाल रावत<br>ठेगाना : सेजवाल टाकुरा ०२, सल्यान।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत। |
| **६. ऋणीः दिपेन्द्र बहादुर गाहा**<br>बाबुःखम्ब सिंह गाहा<br>बाजेःडम्मर बहादुर गाहा<br>ठेगाना : बिजौरा ०४,सुर्खेत।<br>हालको ठेगानाःपञ्चपरी ०२, सुर्खेत।<br>ना.प्र.नं. :५५०२६/१३२६ सुर्खेत।<br>जारी मितिः २०५१/०४/०८ | **१. जमानी दिनेको नाम : टिका कुमारी राना**<br>बाबुः राम बहादुर राना<br>बाजेः कर्ण बहादुर राना<br>ठेगाना : साल्कोट ५, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०२,सुर्खेत।<br>**२.जमानी दिनेको नामः वीरेन्द्रबहादुर गाहा मगर**<br>बाबुःखम्ब सिंह गाहा<br>बाजेः डम्मर बहादुर गाहा<br>ठेगाना :बिजौरा ४, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ०२, सुर्खेत। |
| **७. ऋणीः देवकी रावत**<br>पतिः दान बहादुर रावत<br>ससुराः भक्त बहादुर रावत<br>ठेगाना : बाविपयाचौर ३, सुर्खेत।<br>हालको ठेगानाःपञ्चपुरी ५, सुर्खेत।<br>ना.प्र.नं. :३६२५३, सुर्खेत।<br>जारी मितिः २०५६/०४/३१ | **१. जमानी दिनेको नाम : दान बहादुर रावत**<br>बाबु : भक्त बहादुर रावत<br>बाजे : लाल बहादुर रावत<br>ठेगाना : बाबियाचौर ३, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ५, सुर्खेत।<br>**२. जमानी दिनेको नाम : हेमन्त रावत**<br>बाबु : दान बहादुर रावत<br>बाजे : भक्त बहादुर रावत<br>ठेगाना : बाबियाचौर ३, सुर्खेत।<br>हालको ठेगानाः पञ्चपुरी ५, सुर्खेत। |
| **८. ऋणीः भरत वली**<br>बाबुः राम वहादुर वली<br>बाजेः बल बहादुर वली<br>ठेगाना : वीरेन्द्रनगर ०१, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत।<br>ना.प्र.नं. : ६४/८००६२ सुर्खेत।<br>जारी मितिः २०६३/०८/०३ | **१. जमानी दिनेको नाम : मनिसा वली**<br>पतिः भरत वली<br>ससुराः राम बहादुर वली<br>ठेगानाः वीरेन्द्रनगर १, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत।<br>**२. जमानी दिनेको नाम : श्यामकृष्ण पौडेल**<br>बाबः भुवानी प्रसाद पौडेल<br>बाजेः हिरालाल पौडेल<br>ठेगानाःलेखगाउं ८, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत।<br>**३. जमानी दिनेको नाम : जगत्रा वली**<br>पतिः राम बहादुर वली<br>ससुराः बल बहादुर वली<br>ठेगानाः कुनाथरी १, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत। |
| **९. ऋणीः मञ्जु शाही**<br>बाबुः भक्त बहादुर चन्द<br>बाजेः राम बहादुर चन्द<br>ठेगाना : नारायण ०७,दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत।<br>ना.प्र.नं. : ९१०३३/२८८९ दैलेख।<br>जारी मितिः २०५४/०५/३१ | |
| **१०. ऋणीः श्रीमति मिना कुमारी दमाई**<br>पतिः सिताराम दमै<br>ससुराः नन्दराम दमै<br>ठेगाना : वीरेन्द्रनगर ८, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०६, सुर्खेत।<br>ना.प्र.नं. : २१४६६ सुर्खेत।<br>जारी मितिः २०५१/०५/०७ | **१. जमानी दिनेको नाम : सिताराम दमै**<br>बाबुः नन्दराम दमै<br>बाजेः जसविर दमै<br>ठेगाना : वीरेन्द्रनगर ७, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०६, सुर्खेत।<br>**२. जमानी दिनेको नाम : हेमन्त नेपाली**<br>बाबुः सिताराम दमै<br>बाजेः नन्दराम दमै<br>ठेगाना : वीरेन्द्रनगर ६, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०६, सुर्खेत।<br>**३. जमानी दिनेको नाम : रेविका थापा**<br>बाबुः रमेश कुमार थापा<br>बाजेः बसन्त कुमार थापा<br>ठेगाना :वीरेन्द्रनगर ६, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ०६, सुर्खेत। |
| **११. ऋणीः राजेन्द्र नेपाली**<br>बाबुः जंगे दमाई<br>बाजेः लिले दमाई<br>ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ११, सुर्खेत।<br>ना.प्र.नः ६४१०१७/८४९४४ सुर्खेत।<br>जारी मितिः २०६४/१०/२३ | **१. जमानी दिनेको नामः लिला नेपाली**<br>पतिः कर्ण बहादुर नेपाली<br>ससुराः जंगे दमाई<br>ठेगाना : वीरेन्द्रनगर ११, सुर्खेत।<br>हालको ठेगानाः वीरेन्द्रनगर ११, सुर्खेत। |

विस्तृत जानकारीका लागि
**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्द्रनगर न.पा–०६, गणेशचोक, सर्खेत।
फोन नं. ०८३–५२२३१७/५२३३१७

# ढटेलो तेल तिर जुम्ली महिलाको आकर्षण

**गोल्डेन बुढा**
**जुम्ला, ११ जेठ ।**

बिहानको उज्यालोसँगै जुम्लाको चन्दननाथ नगरपालिका-४ की मुनकौरा बुढा काँडाले भरिएको ढटेलोको झाडतिर लाग्छिन् । पिठ्युँमा निगालोको छान्नो, हातमा पञ्जा र लठ्ठी बोकेर उनी दिनभरि ढटेलो टिपिरहन्छिन् ।

साँझ घर फर्किँदा उनीसँग केवल दाना हुँदैन, परिवार पाल्ने आशा पनि हुन्छ । जंगलमा बेवारिसे उम्रिने ढटेलो अहिले जुम्लाका ग्रामीण महिलाका लागि नगद आम्दानीको मुख्य आधार बन्दै गएको छ । ढटेलोको दानाबाट निकालिने तेल बजारमा प्रतिलिटर एक हजार रुपैयाँसम्ममा बिक्री हुन थालेपछि गाउँ-गाउँमा यसको संकलन तीव्र बनेको हो । 'पहिले यसको मूल्य थाहा थिएन,' मुनकौराले भनिन्, 'घरमै प्रयोग गर्थ्यौं । अहिले बेच्न मिल्ने भएपछि सबै जंगलतिर लागेका छन् ।'

उनले पहिलो वर्ष ४५ लिटर र गत वर्ष ३५ लिटर तेल निकालेकी थिइन् । यो वर्ष ढटेलो कम फले पनि झण्डै ५० लिटर तेल निकाल्ने गरी दाना संकलन गरिसकेको बताउँछिन् । जुम्लाका ग्रामीण बस्तीमा अहिले बिहानै महिलाहरू ढटेलो टिप्न जंगल पस्ने दृश्य सामान्य बनेको छ । काँडाले शरीर नघोचोस् भनेर उनीहरू बाक्लो कपडा, पञ्जा र लठ्ठीको सहारा लिन्छन् । स्थानीय धनलाल रावत भन्छन्, 'ढटेलो टिप्नु सजिलो काम होइन । काँडाले शरीरभर घोच्छ । तर मूल्य राम्रो पाइने भएपछि महिलाहरू दिनभरि जंगलमै बिताउँछन् ।' पहिला दियो बाल्न, मालिस गर्न र धार्मिक कार्यमा प्रयोग हुने ढटेलोको तेल अहिले आयातित तेलको विकल्प बन्न थालेको छ । चन्दननाथ-४ की लाउरी रोकायाका अनुसार बजारमा खाने तेलको मूल्य बढेपछि स्थानीयले फेरि रैथाने तेल सम्झिन थालेका छन् । बजारमा अहिले खाने तेल प्रति पाकेट १ सय ५० रुपैयाँ मुल्य छ ।'सबैले बाहिरको तेल खोज्छन्, आफ्नै गाउँको तेलको महत्त्व बुझेका छैनन्,' उनले भनिन्, 'यो तेल खान पनि मिल्छ, स्वास्थ्यका लागि पनि राम्रो छ ।'

उनले पहिलो वर्ष ३० लिटर, गत वर्ष ४० लिटर तेल निकालेकी थिइन् । यो वर्ष ४५ लिटर निकाल्ने लक्ष्य छ । उक्त वडाकी गौरी रोकायाले गत वर्ष ढटेलोको तेल बेचेर ३५ हजार रुपैयाँ आम्दानी गरेको बताइन् । यो वर्ष अझ बढी कमाउने लक्ष्यसहित उनी संकलनमा व्यस्त छिन् ।यता चन्दननाथ-५ का आनन्द अधिकारीका अनुसार चार किलो दानाबाट एक लिटर तेल निस्कन्छ ।

जुम्लामा मात्रै ८० हजार लिटरभन्दा बढी तेल उत्पादन गर्न सकिने सम्भावना रहेको उनको दाबी छ । 'व्यवस्थित संकलन र बजारीकरण गर्न सके जुम्लाले वर्षेनि करोडौं कमाउन सक्छ,' उनले भने । साविक कर्णाली अञ्चलअन्तर्गत जुम्ला, कालिकोट, हुम्ला, मुगुको माथिल्लो भाग तथा डोल्पाका केही क्षेत्रमा ढटेलो प्रशस्त पाइन्छ । एकदेखि दुई मिटरसम्म अग्लो हुने यो बिरुवामा भदौदेखि दाना लाग्न सुरु हुन्छ भने चैतदेखि असारसम्म पाकेर टिप्न मिल्छ । आयुर्वेद चिकित्सकहरूका अनुसार ढटेलोको तेल बाथरोग, जोर्नी दुखाइ तथा शरीरका विभिन्न पीडामा उपयोगी मानिन्छ । विभिन्न आयुर्वेदिक औषधिमा यसको प्रयोग भइरहे पनि यसको पर्याप्त अध्ययन भने हुन सकेको छैन ।

यति ठूलो सम्भावना हुँदाहुँदै पनि ढटेलो अझै राज्यको प्राथमिकतामा पर्न सकेको छैन । किसानसँग आधुनिक प्रशोधन प्रविधि छैन । तेल निकाल्ने मिल नहुँदा धेरैले अझै परम्परागत तरिकाले हातैले तेल निकाल्ने गरेका छन् । स्थानीयका अनुसार संरक्षण, अनुसन्धान र बजारीकरणमा ध्यान नदिए ढटेलो फेरि जंगलमै सीमित हुने खतरा छ । नयाँ पुस्ताले यसको नामसमेत बिर्सिन थालेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।कर्णालीका जंगलमा उम्रिएको यही काँडेदार वनस्पति अहिले गाउँको आत्मनिर्भरताको आधार बन्न खोज्दैछ ।


## होटल नमस्ते नेपालको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८३/०२/१२**

कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. ६ मा प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना:** | होटल नमस्ते नेपाल<br>कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. ६ |
| **प्रस्तावको व्यहोरा:** | ९४ बेडको होटल संचालन गर्ने |
| **प्रभाव पर्न सक्ने क्षेत्र:** | सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. ६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली, बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री होटल नमस्ते नेपाल, कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. ६<br>सम्पर्क नं.: ०८३- ५२०२२६<br>ईमेल: hotelnamaste.skt@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | सक्रिय परामर्श सेवा प्रा.लि.<br>ठेगाना: वीरेन्द्रनगर-८, सुर्खेत, नेपाल<br>सम्पर्क नं.: +९७७ ९८४८०४०८८२ |



## सर्केगाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८३/०२/११ गते**

सर्केगाड गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं २. ३ र ५ मा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी सहितको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| HTWASH/SQ /01/082/083 | हलेठेला खानेपानी तथा सरसफाई योजना सर्केगाड २ | ०६५०१००००१३६२२०१ सिटिजन्स बैंक | ३,५८०,६००.५५ | ३०००.०० | ८९,५१६.०० |
| UPWASH/SQ /02/082/083 | उनापानी खानेपानी तथा सरसफाई योजना सर्केगाड ३ | ०६५०१००००१३६१२०१ सिटिजन्स बैंक | २,६९३,७६५.६२ | ३०००.०० | ६७,३४४.२० |
| NMWASH/SQ /03/082/083 | नौमुले खानेपानी तथा सरसफाई योजना सर्केगाड ५ | ०६५०१००००१३६३२०१ सिटिजन्स बैंक | २.९२८,४५६.३२ | ३०००,०० | ७३,२११.५० |

**शर्तहरुः**

१ विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम रु ३,००० (पछि फिर्ता नहुने गरी) सर्केगाड शाखामा रहेको सिटिजन्स बैंक स्थित माथि उल्लेखित उपभोक्ता समितिको खातामा छुट्टाछुट्टै योजनाको नगद रकम दाखिला गरेको भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पब्लिक फर्मवाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन (२०८३।०२।१७) गते को कार्यालय समय भित्र वास इकाइ कार्यालय सर्केगाड वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको मिति (२०८३।०२।१८ गते) ले ८ औं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टाछुटै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेखुपर्नेछ । यसका साथै दरभाउँ पत्रमा दररेट भर्दा अनिवार्य रुपमा अङ्क र अक्षर दुवैमा केरमेट नगरी प्रष्टरुपमा भरेको हुनुपर्ने छ । दरभाउँ पत्रका सबै पानाहरुमा अनिवार्य रुपमा सप्लायर्सको छाप तथा दस्तखत गरिएको हुनु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षर लाइ मान्यता दिइने छ ।

३. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु १०.८५ लागत अनुमान कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैंक खातामा जम्मा गर्न पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ वजे भित्र प्राप्त सर्केगाड गाउँपालिका सर्केगाडमा पेश गर्न सकिनेछ ।

५. आपूर्ति हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भई सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र आपूर्ति भएको सामानको भुक्तानी दिइनेछ ।

६. उपरोक्तनुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३/०२/१८ मा गाउँ कार्यपालिकाको कार्यालय सर्केगाडमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा दिउसो २:०० वजे खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

७. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१० यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

११ यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँपालिका, सर्केगाडको सूचना पाटीमा गरिनेछ ।

**सम्पर्क व्यक्तिको नम्बरः ९८६८२५३३०९/९८६८३९३२७२/९७४२८२२८४७**

**नोटः योजनाको सामाग्रीहरु तपसील बमोजिमको स्थान सम्म ढुवानी गर्नु पर्ने छ ।**

**१. हलेठेला खानेपानी योजना सर्केगाड २, खडीखेत**

**२. उनापानी खानेपानी योजना सर्केगाड ३, स्यालतडी वजार**

**३. नौमुले खानेपानी योजना सर्केगाड ५, गोठी गाउँ**

**संयुक्त खरिद समिति**



## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन ठेक्का सम्बन्धी सूचना

**ठेक्का नं –BANKE/KOMUN/G/SQ-02/2082/083**
**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/१२**

यस कोहलपुर ११ गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पूर्ण व्यवस्थापनमा १५ वर्षकोलागि संचालन गर्ने कार्यका लागि कोहलपुर नगरपालिकाको सोह्रौ नगरसभाको निर्णय अनुसार तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/फर्म/कम्पनीलाई आय ठेक्काको बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | विवरण | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मुल्य (भ्याट सहित) | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन | रु.१२,००,०००। (बाह्र लाख) | कबोल अंकको १० प्रतिशत | दरभाउपत्र दस्तुर रु.१०००। फिर्ता नहुने गरि। |

**शर्तहरु :**

१. इच्छुक दरभाउपत्रदाताले फर्म व्यवासय दर्ता/ नवीकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर PAN दर्ता, र आ.व. २०८२/०८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु. १,०००। (एक हजार रुपैंया मात्र) दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. ई-बिडिङ मार्फत दरभाउपत्र खरिद गर्न दरभाउपत्रदाताले कृषि बिकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं 072501000235365 मा दरभाउपत्र फाराम दस्तुर बापतको रकम जम्मा गरि सोको सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश दरभाउपत्र प्राप्त गर्न सकिनेछ । दरभाउपत्र अनलाइन प्रक्रीया (E-bidding)मार्फत मात्र पेश गर्न सकिने छ ।

३. तोकिएको म्याद भित्र खरिद गरिएको बोलपत्रहरु मिति २०८३/०२/२७ गते दिनको १२.०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ ।

४. यसरी तोकिएको समय भित्र दाखिला हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन।दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन र समयलाई अन्तिम दिन र समय मानिनेछ ।

५. दरभाउपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं 0720501000235217 मा नगदै वा कम्तिमा ७५ दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ । दरभाउपत्र मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।

६. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

७. भ्युटावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापनमा सम्झौताको अवधि वि.स. २०९७ असार मसान्त सम्मको लागि हुनेछ ।

८. दरभाउपत्र स्वीकृती भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट माफी वा मिनाहा दिईने छैन ।

९. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको वार्षिक कबोल अंकको ४० प्रतिशत नगदै धरौटी रकम यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं 0720501000235217 मा दाखिला गर्ने र बाँकि ६० प्रतिशत रकमको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १३ महिना सम्म म्याद भएको बैंक जमानत राखी वार्षिक रुपमा बैंक ग्यारेन्टी नविकरण गर्ने गरी १५ वर्ष अवधी रहने गरी सम्झौता गरिने छ।साथै मुल्य अभिबृद्धि कर बापतको रकम दोस्रो पक्ष स्वयंले नियमानुसार दाखिला गरी सो को प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ ।

१०. दरभाउपत्र मा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ । सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ ।

११. दरभाउपत्रदाताले आफुले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेक मानिनेछ ।

१२. भ्यू टावर प्रवेश शुल्क बापत प्रति व्यक्ति रु.७५ (पचहत्तर रुपैंया) लिन पाइनेछ ।

१३. भ्यूटावरको भित्र ईन्टरनेट, सिसिटिभी, सुरक्षा व्यवस्था, बिजुली तथा पानी जडान लगायतको सम्पूर्ण व्यवस्थापन सम्बन्धी जिम्मा पूर्ण रुपमा व्यवस्थापनको ठेक्का प्राप्त गर्ने जिम्मा पाएको पक्षको हुनेछ ।

१४. भ्यूटावरको संरचनामा असर नपर्ने गरी भ्यूटावर क्षेत्र भित्र अस्थायी चमेना गृह निर्माण तथा संचालन गर्न पाइनेछ तर भ्यूटावर भित्र मदिरा तथा सुर्तिजन्य पदार्थ निषेधित गरिनेछ ।

१५. भ्यूटावर भित्र भ्यूटावरको सुन्दरतालाई असर नपर्ने गरी बालबाटिका निर्माण र संचालन गर्न पाईनेछ ।

१६. भ्यूटावर भित्र कुनै पनि किसिमको मर्मत सम्भार गर्नुपर्ने भएमा दश हजार सम्मको खर्च ठेक्का व्यवस्थापनको जिम्मा पाएको पक्षले व्यहोर्नुपर्नेछ र सो भन्दा बढी खर्च कार्यालयले व्यहोर्नेछ ।

१७. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१८. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१९. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन, २०७४ , सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३,

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई ‘राष्ट्रिय रेबिज रिफरल प्रयोगशाला’को जिम्मेवारी

**युग संवाददाता**
**कञ्चनपुर, ११ जेठ ।**

सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीस्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई राष्ट्रियस्तरमा रेबिज रोगको अनुसन्धान तथा निदानात्मक गतिविधिहरू सञ्चालन गर्नेगरी ‘राष्ट्रिय रेबिज रिफरल (प्रेषित) प्रयोगशाला’ को जिम्मेवारी प्रदान गरिएको छ।




कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस प्रयोगशालालाई देशभरिबाटै पशुहरूको रेबिज रोग निदानका लागि शङ्कास्पद नमूनाहरू प्राप्त गरी परीक्षण गर्ने तथा यससम्बन्धी अनुसन्धान र अध्ययन गर्ने विशेष जिम्मेवारी प्रदान गरेको हो।

यसअघि सुदूरपश्चिम प्रदेशका नौ वटा जिल्लाहरूलाई मात्र आफ्नो कार्यक्षेत्र बनाई पशुपन्छी तथा पशुबाट मानिसमा सर्ने रेबिजलगायतको (जुनोटिक) रोगहरूको अन्वेषण र निदान गर्दै आएको यस प्रयोगशालाको भूमिका अब देशव्यापी बनेको छ। यो नयाँ जिम्मेवारीसँगै अब देशभरिबाटै पशुहरूमा लाग्ने घातक रेबिज रोगको पहिचानका लागि शङ्कास्पद नमूनाहरू सङ्कलन गरी प्रयोगशालामै वैज्ञानिक विधिबाट परीक्षण गरिनेछ।

प्रयोगशालामा पिसिआर र फ्याट विधिबाट रोगको द्रुत रूपमा परीक्षण गर्नका लागि अत्याधुनिक उपकरण तथा आवश्यक जनशक्तिको क्षमता विकासको कार्य भइसकेको प्रयोगशालाका प्रमुख एवं वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीले बताउनुभयो। उनका अनुसार प्रयोगशालाले रेबिज रोग अन्वेषण तथा निदानका लागि चौबीसैं घण्टा आकस्मिक सेवा दिँदै आएको छ।

“गत वर्ष नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ)को प्राविधिक तथा संरचनागत सहयोगमा प्रयोगशालालाई राष्ट्रियस्तरको रिफरल प्रयोगशाला बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधार र संरचनागत सुधारका कार्यहरू सम्पन्न गरिएको छ”, वरिष्ठ पशु चिकित्सक जोशीले भने, “जसले यसको प्राविधिक तथा परीक्षण क्षमतालाई निकै उच्च बनाएको छ।”

प्रयोगशालालाई आगामी दिनमा अन्तरराष्ट्रियस्तरको बनाउने र ‘एक स्वास्थ्य’को अवधारणाअनुसार भविष्यमा मानिसमा समेत रेबिज रोग भए/नभएको परीक्षण सेवा सञ्चालन गर्ने दीर्घकालीन सोच बनाइएको उहाँले जानकारी दिए।

यस प्रयोगशालाले सन् २०२० मा कोभिड-१९ सङ्क्रमण फैलिएसँगै आफ्नो जनशक्ति र प्रविधिको उपयोग गरी सुदूरपश्चिम प्रदेशमा मानिसको नमूनाको कोभिड परीक्षण पिसिआर विधिबाट गरेर जनस्वास्थ्य सङ्कटको घडीमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो।

हालका दिनहरूमा यस प्रयोगशालाले रेबिज रोग नियन्त्रणका लागि राष्ट्रियस्तरमै उदाहरणीय काम गर्दै आएको छ। नेपाललगायत विश्व पशु स्वास्थ्य सङ्गठनले सन् २०३० सम्ममा रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट हुने मानिसको मृत्युलाई शून्यमा झार्ने जुन विश्वव्यापी लक्ष्य राखेका छन्। सो लक्ष्य हासिल गर्नमा यस प्रयोगशालाले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास वरिष्ठ पशु चिकित्सक जोशीले व्यक्त गरे।

रेबिजको निदानका लागि मृत पशुको मष्तिष्कको नमूना सङ्कलन गर्नु आफैँमा अत्यन्तै कठिन, संवेदनशील र जोखिमपूर्ण कार्य मानिन्छ। नेपालका धेरै प्राविधिक जनशक्ति यस परिष्कृत र जोखिमपूर्ण प्रक्रियाको बारेमा प्रर्याप्त रूपमा सूचित तथा प्रशिक्षित नभएका कारण प्रयोगशालाले नमूना सङ्कलन कार्यलाई सुरक्षित र व्यवस्थित बनाउन ‘भर्चुअलअर्थात् अनलाइन माध्यमबाट प्रत्यक्ष सहायता सेवा’ को समेत सुरुआत गरेको छ। यस सेवाको माध्यमबाट अब देशभरिका पशु स्वास्थ्य प्राविधिक तथा सरोकारवालाहरूले इन्टरनेटमार्फत प्रत्यक्ष प्राविधिक मार्गदर्शन प्राप्त गरी सुरक्षित रूपमा नमूना सङ्कलन गरेर प्रयोगशालामा पठाउन सक्नेछन्।

वरिष्ठ पशु चिकित्सक जोशीका अनुसार रेबिज परीक्षणका लागि ‘फ्याट’ प्रविधिलाई विश्वमै भरपर्दो र सर्वोत्तम (गोल्ड स्ट्यान्डर्ड टेस्ट) मानिन्छ। विश्व स्वास्थ्य सङ्गठनले पनि रेबिज परीक्षणका लागि यसै विधिलाई मान्यता दिएकाले सोही प्रविधि र पिसिआर दुवै माध्यमबाट रेबिज रोगको निदान र परामर्श सेवालाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिएको उनले बताए।

# सुरक्षामा कमी हुन दिदैनौँ : प्रहरी उपरीक्षक पोखरेल



**युग संवाददाता**
**सुर्खेत, ११ जेठ ।**

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी उपरीक्षक ठाकुरप्रसाद पोखरेलले नागरिकलाई शान्ति र सुरक्षाको कमी हुन नदिने बताएका छन्। आइतबार यहाँ आयोजित पत्रकार हरुसँगको भेटघाट कार्यक्रममा उनले नागरिकको शान्ति, सुरक्षा र सुशासन कायम गर्ने कुरामा प्रहरीले आफूलाई समर्पण गरेको र सत्य सेवा सुरक्षणम् प्रहरीको मूलमन्त्र भएको बताए।

उक्त कार्यक्रममा प्रहरी उपरीक्षक पोखरेलले गफ नगरी कार्यसम्पादनलाई जनमैत्री र उत्कृष्ट बनाइने जनाए। उनले भने, “समाजमा अमनचयन, शान्ति र सुव्यवस्था कायम गर्न प्रहरीको एक्लो प्रयासले पूर्ण हुन सक्दैन। यसका लागि सबै सरोकारवालाबीच आपसी समन्वय, सहकार्य र सहयोग आवश्यक छ। सुर्खेत राजधानी सहर भएकाले बढ्दो जनङ्ख्या र यसले निम्त्याएका चुनौती र समस्याको अध्ययन गरी समाधानका उपाय खोज्नेछौँ।”

उक्त कार्यक्रममा पत्रकारले सुर्खेतमा सडक सुरक्षा कायम, लागुऔषध नियन्त्रण, अवैध यौनजन्य गतिविधि चुनौतीका रुपमा देखिएको औँल्याउँदै त्यसको नियन्त्रण गर्नुपर्ने जस्ता विषयमा सुझाएका थिए।

प्रहरी उपरीक्षक पोखरेलले सही सूचनामा आधारित रहेर कानुनविपरीतका गतिविधिलाई न्यूनीकरण एवं नियन्त्रण गर्न बोलेरभन्दा गरेर देखाउने र त्यसका लागि सबैको सहयोग आवश्यक रहेको बताए।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

**विविधतामा एकता भन्ने भावना विकास गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०२/०८ गते शुक्रबार**

उपरोक्त विषयमा यस साझा बचत तथा ऋण सहकारी संस्था लि. वाट विभिन्न मिति, समय र शिर्षकमा लगानी गरिएको कर्जा लिखित शर्तनामामा तोकिएको समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गर्ने, सम्पर्कविहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटक-पटक ऋण चुक्ताको लागि मौखिक, लिखित, फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले ३५ दिनभित्र आफ्नो सांवा, व्याज र ऋण सम्बन्धि अन्य दायित्व वापतको तिर्न बुझाउन पर्ने रकम चुक्ता गर्नुहुन सम्बधित सबै कर्जा धनीहरुलाई सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, व्याज र हर्जना लगायतका रकम यकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी , धितोवाला, जमानीकर्ता एवम सम्बद्ध सबैलाई यसै सुचनाद्धारा जानकारि गराईन्छ। अन्यथा सो म्यादभित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई भुक्तान नगर्ने ऋणी सदस्यहरुको ऋण असुल गर्न आवश्यक कानुनी प्रक्रियाका लागि सहकारी ऐन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र संस्थाको ऋण लगानी कार्यविधिको अधिनमा रहि कर्जाधनी, र जमानीकर्ताले ऋण लिदाको बखत गरेका तमसुक तथा लिखित कागजातहरुका आधारमा ऋणि र जमानी दिने व्याक्तीको फोटो र तिन पुस्ते नामावली सहित उल्लेख गरी सामाजिक संञ्जाल, तथा स्थानिय पत्र पत्रिकामा सुचना प्रकाशन गरिने र आवश्यक कानुनी प्रक्रियाबाट धितो, जायजेथा लिलाम बिक्री गरि असुलउपर गरिने छ। साथै जमानीमा रहेको धितो लिलाम विक्रीबाट पनि यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा तथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी र जमानी सदस्यलाई कानुन बमोजिम कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सार्वजनिक सुचनामार्फत जानकारी गराईन्छ। संस्थाको यस कार्यबाट ऋणी सदस्यहरुको सामाजिक मानमर्दन, पद, व्यवसायिक कार्य र व्यक्तिगत छविमा आंच आउने र हानी नोक्सानी हुने भएमा संस्था जवाफदेही नहुने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराईन्छ।

संस्थाको हित तथा सदस्यहरुको वितिय अनुशासन कायम राख्न सम्बन्धित सबैमा सहयोगको अपेक्षा राख्दछु।

**कर्जा विभाग**
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्दनगर-०९, सुर्खेत
फोन नं ०८३-५२५३८८

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्युट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।